# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत १३ गते, २०८१ साल (अतिरिक्ताङ्क १९


## भाग-१

## कर्णाली प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको ऐन नं.०४

### कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सर्वसाधारण नागरिकलाई सरल एवम् सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न र सवारी साधन कर प्रणाली सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **परिभाषाः** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले कार्यालय प्रमुख सम्झनु पर्छ।

(ख) "कर" भन्नाले प्रचलित कानूनबमोजिमको सवारी साधन कर सम्झनु पर्छ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानूनबमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गतका अन्य कार्यालय सम्झनु पर्छ।

(ङ) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, आयोजना, निकाय वा व्यक्तिको नाममा दर्ता भएको सवारी सम्झनु पर्छ।

(च) "गैर व्यावसायिक सवारी" भन्नाले निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारी सम्झनु पर्छ।

(छ) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ। सो शब्दले सार्वजनिक सवारी बाहेकका अन्य सवारीको यान्त्रिक स्थितिको परीक्षण समेतलाई जनाउँदछ।

(ज) "ट्राफिक सङ्केत" भन्नाले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राखेको वा जडान गरिएको सूचना, सङ्केत वा इशारा सम्झनु पर्छ र सो शब्दले ट्राफिक प्रहरी वा एक सवारी चालकले अर्को सवारी चालकलाई दिएको सूचना, सङ्केत वा इशारालाई समेत जनाउँछ।

(झ) "ठूला सवारी" भन्नाले दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित यात्री वा मालसामान ढुवानी गर्ने सवारी तथा ट्रेलर सम्झनु पर्छ।

(ञ) "तीन पाङ्ग्रे सवारी" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित सवारी सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ठ) "दुई पाङ्ग्रे सवारी" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने अनुसूची-१ को खण्ड (ग) मा उल्लिखित सवारी सम्झनु पर्छ।

(ड) "नम्बर प्लेट" भन्नाले सवारी पहिचानको लागि सवारीको अगाडि र पछाडि राखिने नम्बर प्लेट वा इम्बोस्ड नम्बर प्लेट सम्झनु पर्छ।

(ढ) "निर्माण उपकरण सवारी" भन्नाले अनुसूची-१ को खण्ड (घ) मा उल्लिखित सवारी सम्झनु पर्छ।

(ण) "परिचालक" भन्नाले दफा ५८ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सवारीमा काम गर्ने सहयोगीलाई समेत जनाउँछ।

(त) "परीक्षा समिति" भन्नाले दफा १६५ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(थ) "पर्यटक सवारी" भन्नाले पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त सार्वजनिक सवारी सम्झनु पर्छ।

(द) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनी, धुवाँ तथा अन्य प्रदूषण सम्झनु पर्छ।

(ध) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ऩ) "पार्किङ स्थल" भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ।

(प) "बस बिसौनी" भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लन निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

(फ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सवारीमा काम गर्ने कर्मचारी र तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनु पर्छ र सो शव्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमालाई समेत जनाउँछ।

(ब) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(भ) "मझौला सवारी" भन्नाले चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (ङ) मा उल्लिखित यात्री वा मालसामान ढुवानी गर्ने सवारी तथा ट्रेलर सम्झनु पर्छ।

(म) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको यातायातसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(य) "मार्ग" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(र) "मार्ग इजाजतपत्र" भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ७२ बमोजिम प्राप्त इजाजतपत्र सम्झनु पर्छ।

(ल) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(व) "मालसामान" भन्नाले व्यक्ति बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी वा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(श) "यात्री गुन्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(ष) "यातायात निरीक्षक" भन्नाले मन्त्रालय वा कार्यालयबाट सवारीको चेकजाँच वा निरीक्षण गर्न खटिएको कर्मचारी सम्झनु पर्छ।

(स) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १६४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ह) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(क्ष) "यात्री" भन्नाले सार्वजनिक सवारीमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(त्र) "यात्रीबाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(ज्ञ) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारीलाई विद्युतीय र डिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिड वातावरणमैत्री सवारीमा परिवर्तन गर्ने कार्य सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(कक) "लामोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सोभन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(कख) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय ऊर्जाबाट सञ्चालन हुने सवारी सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारले वातावरणमैत्री भनी तोकेको सवारीलाई समेत जनाउँछ।

(कग) "विद्युतीय सवारी" भन्नाले विद्युत, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी सम्झनु पर्छ।

(कघ) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(कङ) "संस्थानको सवारी" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भएको सवारी सम्झनु पर्छ।

(कच) "सवारी" भन्नाले निजी, सार्वजनिक यात्रीबाहक, मालबाहक वा ढुवानीका सवारी साधन सम्झनु पर्छ।

(कछ) "सवारी चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(कज) "सवारी चालक अनुमतिपत्र" भन्नाले दफा ४० बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(कझ) "सवारीको वजन" भन्नाले सवारी मेसिनरीसहितको कूल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कुल भार वहन क्षमतालाई समेत जनाउँछ।

(कञ) "सवारी दर्ता प्रमाणपत्र" भन्नाले दफा ८ बमोजिमको प्रमाणपत्र सम्झनु पर्छ।

(कट) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।

(कठ) "सरकारी सवारी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्ता निकायको कार्यालयको नाममा दर्ता रहेको सवारी सम्झनु पर्छ।

(कड) "साना सवारी" भन्नाले चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (च) मा उल्लिखित यात्री वा मालसमान ढुवानी गर्ने सवारी तथा ट्रेलर सम्झनु पर्छ।

(कढ) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त सवारी सम्झनु पर्छ।

(कण) "सार्वजनिक स्थान" भन्नाले प्रदेशभित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढ्ने, उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(कत) "स्थानीय मार्ग" भन्नाले यात्राको प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनु पर्छ।

(कथ) "स्थानीय सवारी" भन्नाले स्थानीय मार्गमा व्यक्ति वा सामान ओसार्ने वा तान्ने र कम गतिमा सञ्चालन हुने यान्त्रिक, विद्युतीय, मानवीय तथा जैविक शक्तिबाट सञ्चालन हुने सवारी सम्झनु पर्छ।

(कद) "क्षेत्र" भन्नाले कार्यालयको क्षेत्राधिकारभित्र पर्ने गरी तोकेको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>सवारीको वर्गीकरण र प्रयोग</u>

**३.** **<u>सवारीको वर्गीकरण र प्रयोगः</u>** (१) सवारीको वर्गीकरण देहायबमोजिम हुनेछः-

(क) ठूला सवारी,

(ख) मझौला सवारी,

(ग) साना सवारी,

(घ) दुई पाङ्ग्रे सवारी,

(ङ) तीन पाङ्ग्रे सवारी,

(च) निर्माण उपकरण सवारी,

(छ) अफरोड सवारी,

(ज) विशेष सवारी,

(झ) सार्वजनिक सवारी,

(ञ) पर्यटक सवारी,

(ट) गैरव्यावसायिक सवारी,

(ठ) सरकारी सवारी,

(ड) संस्थानको सवारी,

(ढ) कुटनीतिक सुविधा प्राप्त सवारी।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको,-

(१) खण्ड (छ) को प्रयोजनको लागि "अफरोड सवारी" भन्नाले अगाडि र पछाडि एक्सेल भएको फोर ह्विलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा पच्चीस प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने सवारी सम्झनु पर्छ।

(२) खण्ड (ज) को प्रयोजनको लागि "विशेष सवारी" भन्नाले बारुणयन्त्र, एम्बुलेन्स, आर्म्डबुलेट प्रुफ र आगो निभाउने प्रयोजनको लागि प्रयोग हुने ट्याङ्कर (दमकल) जस्ता विशेष किसिमका सेवा दिने सवारी सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) सार्वजनिक सवारी यात्रीबाहक र मालबाहक गरी दुई प्रकारका हुनेछन्।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिन सकिनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) स्थानीय (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) सवारीको अगाडि र पछाडि अनुसूची-२बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

(६) गैर व्यावसायिक सवारी व्यावसायिक रूपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसारपसार गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमको व्यावसायिक यातायातसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. **<u>सवारीको अन्य प्रयोजनमा प्रयोग गर्न नहुने</u>**: (१) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अन्य प्रयोजनमा प्रयोग गर्नु हुँदैन।

(२) भन्सार महसुल छुट सुविधा प्राप्त भएको सवारीलाई सो प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

परिच्छेद-३

**सवारी दर्तासम्बन्धी व्यवस्था**

५. **प्रवेश दर्ता गराउनु पर्नेः** (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि तोकिएबमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा प्रहरी कार्यालयले त्यस्तो सवारी खरिद गरेको प्रमाण र अन्य कागजात जाँचबुझ गरी पन्ध्र दिनको लागि प्रवेश दर्ता गरी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई तोकिएबमोजिम प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र सोको विवरण सम्बन्धित कार्यालयमा यथाशीघ्र पठाउनु पर्नेछ।

६. **सवारी दर्ता गराउनु पर्नेः** (१) सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने सवारी आयातकर्ता वा उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले सवारी खरिद गरेको वा आयात गरेको मितिले पन्ध्र दिनभित्र कार्यालयमा दर्ता गर्नुपर्नेछ।

तर नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायले आयात गरेकोमा पैंतालीस दिनभित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(२) विकास साझेदार तथा विदेशी लगानीमा सञ्चालित आयोजना सम्पन्न भएपछि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका सवारी वा दर्ता छुट भएका सरकारी पुराना सवारीको दर्ता प्रक्रिया र मापदण्ड तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउनु हुँदैन।

(४) सुरु दर्ता भएको मितिले विद्युतीय सवारीको हकमा तीस वर्ष र अन्य सवारीको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोकेबमोजिम पत्रु गर्नुपर्नेछ।

तर सार्वजनिक सवारी बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

(५) सवारी दर्तासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **सवारी दर्ता गराउन निवेदन दिनुपर्नेः** (१) दफा ६ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र उत्पादन वा जडान भई खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी, फर्म, कम्पनी वा एजेन्टले सवारी खरिद गरेको प्रमाण र त्यस्तो सवारी विदेशबाट आयात गरेको भए आयात गर्ने सवारी आयातकर्ता वा उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले सवारीको भन्सार तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजातसहित तोकिएको ढाँचामा तोकिएबमोजिमको दस्तुर संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष तोकिएबमोजिम निवेदन दिनु पर्नेछ।

तर कूटनीतिक सवारी सुविधा प्राप्त सवारी दर्ता गर्दा शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो समेत निवेदनसाथ संलग्न गर्नुपर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो, सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गर्नुपर्नेछ र कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता गर्नुपर्ने भएमा त्यस्तो व्यक्तिले आफ्नो राहदानी वा नागरिकताको प्रतिलिपि र तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ।

(४) नेपालमा कुनै व्यवसाय गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कागजात पेश गर्नुपर्नेछः-

(क) प्रवेशाज्ञा (भिषा) आवश्यक पर्नेमा प्रवेशाज्ञासहितको राहदानीको प्रतिलिपि,

(ख) नेपालमा प्रवेशाज्ञा आवश्यक नपर्ने मुलुकको नागरिक भए सो को निस्साको प्रतिलिपि,

(ग) आफू बसोबास गरिरहेको क्षेत्रको ठेगाना खुल्ने प्रमाण तथा सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) सम्बन्धित कूटनीतिक नियोगको सिफारिस पत्र।

(५) नाबालकको नाममा कुनै सवारी नामसारी गराउनु परेमा निजको तर्फबाट संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो र नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ।

८. **सवारी दर्ता प्रमाणपत्रः** (१) दफा ७ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी अनुसूची-३बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

तर सरकारी निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको नाममा बाहेक चौधभन्दा बढी सिट सङ्ख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्रयाक्टर बाहेक चार टन वा सोभन्दा बढी कूल वजन भएका सवारीलाई निजी सवारीको रूपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षकको नाम समेत उल्लेख गरी सवारी दर्ता प्रमाणपत्रमा हस्ताक्षर गराउनु पर्नेछ।

(३) सवारी दर्ता प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा उल्लिखित सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नुपर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा भार रहित वजन र भार वहन क्षमता समेत छुट्टाछुट्टै उल्लेख गर्नुपर्नेछ।

९. **सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेः** (१) दफा ८ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा १५ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने अवस्थाको भए त्यस्तो सवारीलाई सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको सक्षमताको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ।

१०. **संयुक्त दर्ताः** दुई वा दुईभन्दा बढी व्यक्तिले दफा ७ बमोजिम कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक

जाँचबुझ गरी त्यस्तो सवारीलाई संयुक्त नाममा दर्ता गरी दफा ८बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

**११. <u>अस्थायी दर्ता</u>:** देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) बमोजिमको अवस्था सिर्जना भई सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति वा बीमासम्बन्धी विवाद परी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौताबमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिस भएको सवारी भएमा,

(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी भएमा।

**१२. <u>अस्थायी दर्ताको लागि दरखास्त</u>:** दफा ११ बमोजिमको अवस्थामा सवारी आयातकर्ता वा उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले सवारी अस्थायी रूपमा दर्ता गर्न भन्सार महसुल तिरेको निस्सा र सम्बन्धित कागजातसहित तोकिएबमोजिम अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर दफा ११ को खण्ड (ङ) बमोजिमको सवारीको हकमा भन्सार महसुल तिरेको निस्सा आवश्यक पर्ने छैन।

१३. **अस्थायी सवारी दर्ता प्रमाणपत्रः** (१) दफा १२ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा ११ बमोजिमको अवस्था विद्यमान भएको देखिएमा त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) अस्थायी सवारी दर्ता प्रमाणपत्र प्राप्त सवारीको नम्बर प्लेटमा अस्थायी भनी जनाउनु पर्नेछ।

(३) अस्थायी सवारी दर्ता प्रमाणपत्र बढीमा छ महिनासम्म मान्य हुने गरी दिन सकिनेछ।

तर दफा ११ को खण्ड (घ) र (ङ) बमोजिमको सवारीको हकमा बढीमा एक वर्षसम्म मान्य हुने गरी दिन सकिनेछ।

१४. **सवारी ल्याउनु पर्नेः** दफा ५ बमोजिम सवारी प्रवेश दर्ता गर्न, दफा ८ बमोजिम सवारी दर्ता प्रमाणपत्र लिन, दफा २७ बमोजिम सवारी नामसारी गर्न र दफा २९ बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन वा चेसिसमा हेरफेर गर्न त्यस्तो सवारी साथमा ल्याउनु पर्नेछ।

१५. **सवारी चलाउन मापदण्ड तोक्न सक्नेः** मन्त्रालयले देहायका आधारमा जाँचबुझ गरी सवारी चलाउनका लागि मापदण्ड तोक्न सक्नेछः-

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाइ, उचाइ, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि।

१६. **सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः** (१) दफा ७ बमोजिम सवारी दर्ता गर्नको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा १५ मा तोकिएको मापदण्ड पूरा नभएको देखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरेमा सोको कारण खुलाई निवेदकलाई सात दिनभित्र सूचना दिनु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारीको दफा ६ बमोजिम गरिने दर्ता प्रक्रिया रोक्का गर्न मनासिब देखेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ता रोक्का गर्न सक्नेछ।

**१७.** **<u>सवारी दर्ता गर्नु नपर्ने</u>:** नेपालभित्र अन्य प्रदेशमा दर्ता भएको सवारी प्रदेशभित्र चलाउन दर्ता गर्नुपर्ने छैन।

**१८.** **<u>सरुवा दर्ता</u>:** नेपालभित्र अन्य प्रदेशमा दर्ता भएका सवारी सरुवा भई प्रदेशमा दर्ता गर्न चाहेमा तोकिएको शुल्क लिई तोकिएबमोजिम दर्ता गर्न सकिनेछ।

**१९.** **<u>सवारीको अभिलेख राख्नुपर्ने</u>:** (१) अधिकार प्राप्त अधिकारीले दर्ता भएको सवारीको अभिलेख तोकिएबमोजिम राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय सूचना प्रविधिको माध्यमबाट सङ्घीय तथा प्रदेश डाटाबेसमा समेत सुरक्षित राख्नु पर्नेछ।

**२०.** **<u>अनुमति नलिई विदेशी सवारी चलाउन नहुने</u>:** प्रचलित कानूनबमोजिम अनुमति नलिई विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउनु हुँदैन।

**२१.** **<u>विदेशी सवारी चलाउन अनुमति दिने</u>:** (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाणसहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ। त्यसरी अनुमति दिंदा जति दिनको भन्सार तिरेको छ, त्यति दिनको अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन।

**२२.** **<u>सवारी दर्ता प्रमाणपत्र नवीकरण</u>:** (१) सवारी दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाइ सक्कलै सवारी दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

तर कुटनीतिक सुविधा प्राप्त सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश हुन आएमा अर्को एक वर्षको लागि सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एक सय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीन सय प्रतिशत, चार आर्थिक वर्षसम्म चार सय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा सवारी दर्ता प्रमाणपत्रमा सवारीको कर बुझाएको विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

(६) उपदफा (१) बमोजिमको म्यादभित्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न नआएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित कुटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ।

२३. <u>नवीकरणसम्बन्धी विशेष व्यवस्था</u>: दफा २२ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कुटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको सवारी दर्ता प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी सवारी दर्ता प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

२४. **सवारी दर्ता प्रमाणपत्र स्वतः रद्द हुने**: (१) दफा २२ को उपदफा (४) बमोजिमको अवधिसम्म नवीकरण नगराएमा सवारी दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम स्वतः रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाई सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

२५. **पुनः सवारी दर्ता हुन सक्ने**: (१) दफा २४बमोजिम सवारी दर्ता प्रमाणपत्र स्वतः रद्द भएको सवारीको पुनः दर्ताको लागि कार्यालयमा निवेदन दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गरी दफा २२बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा २२ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना लिई दफा ८बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

२६. **सवारी धनीको ठेगाना परिवर्तन भएमा सूचना गर्नुपर्ने**: (१) यस ऐनबमोजिम दर्ता भएको कुनै सवारी धनीको स्थायी ठेगाना परिवर्तन भएमा एक महिनाभित्र सवारी दर्ता प्रमाणपत्र संलग्न राखी ठेगाना परिवर्तन भएको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले सवारी दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ।

२७. **सवारीको नामसारी**: (१) यस ऐनबमोजिम दर्ता भएको सवारीको धनीले अरु कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र नामसारीको लागि सवारी दर्ता प्रमाणपत्र र कर तिरेको प्रमाण बुझाई तोकिएबमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भएमा नजिकको हकवालाले पैंतीस दिनभित्र मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित, सवारी दर्ता प्रमाणपत्र, कर

तिरेको प्रमाण र स्थानीय तहको सिफारिस बुझाई सवारी नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा व्यहोरा जनाई नामसारी गर्नुपर्नेछ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एकभन्दा बढी हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा संयुक्त रूपमा सवारी दर्ता गरी नामसारी गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सोबमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोराको अभिलेख राख्नु पर्नेछ।

(५) सवारी धनीले नामसारीको लागि यस दफाबमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिब कारण देखाई कार्यालयबाट डोर खटाई सवारी नामसारीको व्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिएबमोजिमको थप दस्तुर लिई डोर खटाई उपदफा (३) बमोजिम नामसारी गरिदिन सक्नेछ।

(६) सवारी नामसारी गर्दा हक बेहकसम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

**२८. दर्ता परिवर्तन गर्न नहुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भएका सवारीलाई यात्रीबाहक सवारीमा दर्ता परिवर्तन गर्नु हुँदैन।

**२९. स्वीकृति नलिई हेरफेर गर्न नहुनेः** (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्नु हुँदैन।

तर यस उपदफाले सवारीमा सामान्य पाटपूर्जा परिवर्तन गर्न बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्न स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी उपयुक्त देखेमा स्वीकृति दिन सक्नेछ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेसन) मा परिवर्तन गर्न स्वीकृति दिइने छैन।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिँदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

(४) प्रदूषण कम गर्ने उद्देश्यले सवारी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारीमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारी धनी, उद्योग, कम्पनी, सहकारीलाई रुपान्तरणको स्वीकृति दिनु पर्नेछ।

तर सुरु दर्ता भएको मितिले सात वर्ष पूरा नभएका सवारीलाई रुपान्तरणको स्वीकृति दिइने छैन।

(५) यस दफाबमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या वा स्वरूप परिवर्तनसम्बन्धी अन्य विवरण तोकिएबमोजिम हुनेछ।

३०. **सवारी दर्ता प्रमाणपत्र स्थगित गर्न सक्ने**: (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारी दर्ता प्रमाणपत्र देहायबमोजिमको अवधिसम्मको लागि स्थगित गर्न सक्नेछः-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी पूर्ण रूपमा मर्मत नगरेसम्म,

(ख) सवारी धनीले यस ऐनबमोजिम पूरा गर्नुपर्ने कुनै शर्त पूरा नगरेमा वा अधिकार प्राप्त अधिकारीले दिएको आदेश उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्म,

(ग) सवारी धनीले कारण खुलाएर प्रहरी प्रतिवेदन संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिएमा एक पटकमा एक वर्षसम्म।

तर यस्तो अवधिमा कर छुटको सुविधा दिइने छैन।

(२) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गर्दा कारण समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको मितिले सात दिनभित्र सवारी धनीले सवारी दर्ता प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ।

(५) सवारी दर्ता प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको सवारी दर्ता प्रमाणपत्र निजलाई फिर्ता गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम फिर्ता दिएको सवारी दर्ता प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाइ अभिलेख राख्नु पर्नेछ।

(७) सवारी दर्ता प्रमाणपत्र स्थगित गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३१. <u>सवारी दर्ता प्रमाणपत्र खारेजसम्बन्धी व्यवस्थाः</u>** (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा दर्ता भएको सवारी दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछः-

(क) सवारी कुनै किसिमले नासिएमा, मर्मत गर्न नसकिने गरी बिग्रिएमा, यस्तै अन्य कारणबाट प्रयोग गर्न नमिल्ने भएमा वा सधैको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र सवारी दर्ता प्रमाणपत्र संलग्न राखी अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएबमोजिमको दस्तुरसहित निवेदन दिएमा,

तर पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले पूर्व स्वीकृति लिनु पर्नेछ।

(ख) कुनै सवारी अनियमित तवरले वा झुट्टा कागजात वा गलत विवरणको आधारमा दर्ता गरिएको पाइएमा।

(२) उपदफा (१) बमोजिम खारेज भएको सवारीको अभिलेखबाट विवरण हटाउनु पर्नेछ।

**३२. <u>नवीकरण दस्तुर मिनाहा दिने</u>:** यस ऐनबमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चलाउन नसकिने भएमा सवारी धनीले व्यहोरा खुलाई प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले सवारी दर्ताको प्रमाणपत्र खिची चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिन सक्नेछ।

**३३. <u>सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने</u>:** (१) सवारी दर्ता प्रमाणपत्र च्यातिएमा वा झुत्रो भई नबुझिने भएमा सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सोको प्रतिलिपि संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुरसहित निवेदन दिनु पर्नेछ।

तर सवारी दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवश नासिएमा नजिकको प्रहरी कार्यालयको सिफारिससहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गर्दा व्यहोरा मनासिव देखिएमा अधिकार प्राप्त अधिकारीले सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

**३४. <u>विवरण पेश गर्नुपर्ने</u>:** (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेन्टले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर, किसिम, निर्माताको नाम र आयात मूल्य उल्लेख गरी सवारीको बिक्री र मौज्दात विवरण खुलाई चौमासिक रूपमा अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नुपर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टसँग उपदफा (१) मा लेखिएको विवरणका अतिरिक्त आवश्यक विवरण र कागजात माग्न सक्नेछ।

परिच्छेद-४

## सवारी चालक अनुमतिपत्रसम्बन्धी व्यवस्था

**३५.** **सवारी चलाउन नहुने**: कुनै पनि व्यक्तिले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु हुँदैन।

**३६.** **सवारी चलाउन दिन नहुने**: सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको सवारी चलाउन दिनु हुँदैन।

**३७.** **सवारी चालकको योग्यता**: (१) देहायका व्यक्ति देहायबमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिनेछन्ः-

(क) ठूला सवारी र मझौला सवारीको हकमा एक्काइस वर्ष उमेर पुगेको,

(ख) साना सवारी, यान्त्रिक तीन पाङग्रे सवारी र यान्त्रिक दुई पाङग्रे सवारीको हकमा अठार वर्ष उमेर पुगेको,

(ग) साधारण लेखपढ गर्न जानेको।

(२) देहायबमोजिमका व्यक्ति सवारी चालक अनुमतिपत्र प्राप्त गर्न वा सवारी चालक अनुमतिपत्र नवीकरण गराउन योग्य मानिने छैनन्ः-

(क) छारे रोग वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(ग) साधारण ध्वनी सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेंलो लगायतका रङ्ग तुरुन्त छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको,

(च) एउटा मात्र आँखा वा एउटा मात्र हात वा एउटा मात्र खुट्टा भएको,

तर अपाङ्गता भएका व्यक्तिका लागि खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागू हुने छैन।

(छ) ठूलो र मझौला सार्वजनिक सवारीको लागि साठी वर्ष पूरा भएको,

(ज) दफा ४७ वा ५१ बमोजिम सवारी चालक अनुमतिपत्र रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको।

**३८.** **सवारी चालक अनुमतिपत्रको लागि निवेदनः** (१) दफा ३७ बमोजिमको योग्यता भएको व्यक्तिले तोकिएबमोजिमको सवारी चालक अनुमतिपत्रका लागि तोकिएबमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सवारी चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बायोमेट्रिक र मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र निवेदन साथ संलग्न गर्नुपर्नेछ।

**३९.** **निवेदकको परीक्षणः** (१) दफा ३८ बमोजिम निवेदन परेमा तोकिएबमोजिमको परीक्षा प्रणालीबाट निवेदकको परीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले तोकिएको समयपछि दफा ३८ बमोजिम पुनः निवेदन दिन सक्नेछ।

**४०.** **सवारी चालक अनुमतिपत्र दिनेः** (१) दफा ३९ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई अधिकार प्राप्त अधिकारीले विद्युतीय सूचना प्रणालीमा समेत अभिलेख राखी अनुसूची-५ बमोजिमको ढाँचामा नेपालभर चलाउन पाउने गरी सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ। त्यस्तो सवारी चालक अनुमतिपत्र जारी गरेको मितिले दश वर्षसम्म बहाल रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३७ को उपदफा (२) को खण्ड (छ) बमोजिम उमेर हद तोकिएको व्यक्तिले प्राप्त गरेको चालक अनुमतिपत्रको बहाल अवधि उमेर हदभन्दा बढी हुने छैन।

(३) उपदफा (१) बमोजिम दिइने अनुमतिपत्रमा कुन वर्गको सवारी चलाउन अनुमति दिइएको हो स्पष्ट जनाउनु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने सवारी चालक अनुमतिपत्रसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४१. **परीक्षणकालमा रहने**: (१) दफा ४० बमोजिमको सवारी चालक अनुमतिपत्र शुरुमा एक वर्षको परीक्षणकालमा रहने गरी दिइनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालको अवधिभित्र सवारी चालकले यस ऐन वा तोकिएबमोजिम पालना गर्नुपर्ने शर्त उल्लङ्घन पाँच पटकभन्दा बढी गरेमा निजको सवारी चालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारीले रद्द गर्नुपर्नेछ। यसरी सवारी चालक अनुमतिपत्र रद्द नभएमा सवारी चालकको परीक्षणकाल समाप्त भएपछि स्वतः स्थायी सवारी चालक अनुमतिपत्र दिएको मानिनेछ।

४२. **विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रको मान्यता**: (१) विदेशी राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले दफा ३८ बमोजिम निवेदन दिएमा सवारी चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई अनुमतिपत्र दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमतिपत्रको लागि दफा ३९ बमोजिम लिइएको प्रयोगात्मक परीक्षामा निवेदक उत्तीर्ण हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेका विदेशी कूटनीतिक नियोगमा काम गर्ने व्यक्तिले परराष्ट्र मन्त्रालयको सिफारिससहित सवारी चालक अनुमतिपत्रको मान्यताको लागि निवेदन दिएमा उपदफा (२) बमोजिमको परीक्षा नलिई कार्यालयले अभिलेख राखी त्यस्तो सवारी चालक अनुमतिपत्र लाई स्वतः मान्यता दिन सक्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल पक्ष राष्ट्र भएको सडक ट्राफिकसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको पक्ष राष्ट्रबाट वा नेपालको सवारी चालक अनुमति पत्रलाई मान्यता दिने मुलुकबाट सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिले सवारी चालक अनुमतिपत्रको मान्यताको लागि तोकिएको दस्तुरसहित तोकिएबमोजिम

निवेदन दिएमा कार्यालयले अभिलेख राखी त्यस्तो सवारी चालक अनुमतिपत्रलाई स्वतः मान्यता दिन सक्नेछ।

४३. **अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र स्वतः मान्य हुने**: अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको वर्गको सवारी नेपालभर चलाउन सक्नेछ।

४४. **सवारी चलाउन पाउने**: दफा ४० बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले अनुमतिपत्रमा उल्लिखित सवारी मात्र चलाउन पाउनेछ।

४५. **सवारी चालक अनुमतिपत्रमा वर्ग थप गर्ने**: (१) कुनै वर्गको चालक अनुमतिपत्र प्राप्त गरेको सवारी चालकले अर्को वर्गको सवारी चालक अनुमतिपत्र लिन चाहेमा त्यस्तो सवारीको वर्ग खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा निवेदकले समावेश गराउन चाहेको वर्गको दफा ३९ बमोजिम प्रयोगात्मक परीक्षा दिनु पर्नेछ।

तर लिखित परीक्षा दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिमको परीक्षामा उत्तीर्ण भएको चालकलाई अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी समावेश गरी नयाँ सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सवारी चालक अनुमतिपत्र दिंदा थपिएको सवारीको हकमा दफा ४१ बमोजिमको परीक्षणकाल लागू हुनेछ।

४६. **सवारी चालक अनुमतिपत्रको नवीकरण**: (१) दफा ४० को उपदफा (१) बमोजिमको म्याद नाघेको नब्बे दिनभित्र सवारी चालकले सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि तोकिएको दस्तुरसहित तोकिएबमोजिम कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा अधिकार प्राप्त अधिकारीले थप दश वर्षसम्मको लागि सवारी चालक अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्याद नाघी आउने सवारी चालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत,

चार वर्षमा चार सय प्रतिशत र पाँच वर्षमा पाँच सय प्रतिशत थप दस्तुर लिई त्यस्तो सवारी चालक अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ।

(४) यस दफाबमोजिम सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा दफा ३७ को उपदफा (२) को खण्ड (छ) बमोजिम उमेर हद तोकिएको हकमा त्यस्तो उमेर हदभन्दा बढी सवारी चालक अनुमतिपत्र बहाल नहुने गरी गर्नुपर्नेछ।

४७. **सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुने**: (१) दफा ४६ बमोजिमको अवधिभित्र नवीकरण नगरिएको सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम रद्द भएको सवारी चालक अनुमतिपत्रको लगत अभिलेखबाट हटाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

४८. **निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने**: सवारी चालक अनुमतिपत्र नवीकरण गराउँदा मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

४९. **ठेगाना परिवर्तन भएमा सूचना गर्नुपर्ने**: (१) सवारी चालकको स्थायी ठेगाना परिवर्तन भएमा एक महिनाभित्र सवारी चालकले सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले सवारी चालकको नयाँ ठेगाना अभिलेखमा जनाउनु पर्नेछ।

५०. **सवारी चालक अनुमतिपत्र निलम्बन गर्न सकिने**: दफा ४१ बमोजिम परीक्षणकाल समाप्त भए पछि सवारी चालकले पालना गर्नुपर्ने शर्त पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछ।

५१. **सवारी चालक अनुमतिपत्र खारेज गर्नुपर्ने**: (१) सवारी चालकमा दफा ३७बमोजिमको योग्यता नभएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरेमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नुपर्नेछ।

(२) सवारी चालकको लापरवाहीका कारण सवारी दुर्घटनाबाट व्यक्तिको अङ्गभङ्ग भएको वा मृत्यु भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम खारेज गरिएको सवारी चालक अनुमतिपत्र फिर्ता गर्न अधिकार प्राप्त अधिकारीले सवारी चालकलाई आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र सवारी चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

(५) कार्यालयले यस दफाबमोजिम खारेज भएको सवारी चालक अनुमतिपत्रको लगत अभिलेखबाट हटाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

**५२.** **<u>सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिने</u>:** (१) सवारी चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा सवारी चालकले अधिकार प्राप्त अधिकारी समक्ष नजिकको प्रहरी कार्यालयको सिफारिससहित तोकिएको ढाँचामा तोकिएबमोजिमको दस्तुरसहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर छानबिन गरी व्यहोरा ठीक देखिएमा अधिकार प्राप्त अधिकारीले सवारी चालकलाई सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिनु पर्नेछ।

**५३.** **<u>स्वचालित (अटोमेटिक) सवारी चालक अनुमतिपत्रसम्बन्धी व्यवस्था</u>:** (१) प्रविधियुक्त स्वचालित सवारी चलाउन छुट्टै सवारी चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ।

तर त्यस्तो अनुमतिपत्र अन्य सवारीको हकमा लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमतिपत्र दिनेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५४.** **<u>प्रशिक्षार्थी सवारी चालकसम्बन्धी व्यवस्था</u>:** प्रशिक्षार्थी सवारी चालकसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

परिच्छेद- ५

## परिचालक (कन्डक्टर) अनुमतिपत्रसम्बन्धी व्यवस्था

**५५. अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने**: (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन।

(२) सार्वजनिक सवारी धनी वा व्यवस्थापकले परिचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई परिचालकको काममा लगाउन हुँदैन।

**५६. परिचालक अनुमतिपत्रको लागि योग्यता**: देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछः-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको।

**५७. परिचालक अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने**: (१) दफा ५६ बमोजिमको योग्यता भएको व्यक्तिले सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको तीन प्रति पासपोर्ट साइजको फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र मान्यताप्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

**५८. परिचालक अनुमतिपत्र दिनु पर्ने**: (१) दफा ५७ बमोजिम निवेदन परेमा छानबिन गरी निवेदनसाथ संलग्न व्यहोरा मनासिव देखिएमा अधिकार प्राप्त अधिकारीले अनुसूची-६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र दश वर्षसम्म बहाल रहनेछ।

**५९.** **<u>परिचालक अनुमतिपत्रको नवीकरण</u>:** (१) दफा ५८ को उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र परिचालकले अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिई परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर संलग्न गरी परिचालक अनुमतिपत्र पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश भएको परिचालक अनुमतिपत्र थप पाँच वर्षसम्मको लागि नवीकरण गर्नुपर्नेछ।

**६०.** **<u>परिचालक अनुमतिपत्र स्वतः रद्द हुने</u>:** (१) दफा ५९ को उपदफा (१) बमोजिम निर्धारित अवधिसम्म नवीकरण नगराइएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको विवरण कार्यालयले अभिलेखबाट हटाई सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

**६१.** **<u>परिचालकको ठेगाना परिवर्तनको जानकारी दिनुपर्ने</u>:** (१) परिचालकको स्थायी ठेगाना परिवर्तन भएमा परिचालकले सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले परिचालकको परिवर्तित ठेगाना अभिलेखमा जनाउनु पर्नेछ।

**६२.** **<u>परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने</u>:** परिचालकले पालन गर्नुपर्ने तोकिएबमोजिमका शर्त एक आर्थिक वर्षमा पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछ।

**६३.** **<u>परिचालक अनुमतिपत्र खारेज गर्न सकिने</u>:** (१) दफा ५६ बमोजिमको योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्र खारेज गरी अनुमतिपत्र फिर्ता बुझाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

६४. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने**: (१) परिचालक अनुमतिपत्र हराए वा नासिएमा पन्ध्र दिनभित्र परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुरसहित अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन छानबिन गर्दा व्यहोरा उपयुक्त भएमा अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

६५. **सवारी चालक र परिचालकको पारिश्रमिक**: सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

६६. **सवारी चालक र परिचालकको सामाजिक सुरक्षा**: सवारी चालक र परिचालकको सामाजिक सुरक्षासम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

परिच्छेद-६

**सार्वजनिक यातायात व्यवस्थापन**

६७. **अस्थायी मार्ग निर्धारण गर्ने**: यातायात व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले आवश्यकताअनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न अस्थायी मार्ग निर्धारण गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

६८. **नमूना मार्ग निर्धारण गर्न सक्ने**: व्यक्ति, फर्म, कम्पनी वा सहकारीले वातावरणमैत्री सवारी साधन सञ्चालन गर्न नमूना मार्ग माग गरेमा मन्त्रालयले स्थान तोकी निर्धारण गर्न सक्नेछ।

६९. **मार्ग निर्धारण समिति**: (१) प्रदेशभर सहज, सरल र सुरक्षित रूपमा मार्ग निर्धारण गर्न देहायबमोजिमको मार्ग निर्धारण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) प्रमुख, सम्बन्धित कार्यालय - सदस्य

(छ) अधिकृत, यातायात शाखा हेर्ने, मन्त्रालय - सदस्य-सचिव

तर स्थानीय मार्गको हकमा स्थानीय कानूनबमोजिम मार्ग निर्धारण हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले सडकको स्तर, अवस्था, सवारी साधनको किसिम, यात्रीको चाप तथा माग, यातायात व्यवस्थापन समितिको सिफारिस र सडक हस्तान्तरणका शर्तका आधारमा मार्ग निर्धारण गर्नुपर्नेछ।

(३) स्थानीय कानून नबनेसम्म यस ऐनबमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमका मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई हुनेछ।

**७०. मार्ग इजाजतपत्र लिनु पर्ने:** दफा ६९बमोजिम निर्धारित मार्गमा सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र लिनु पर्नेछ। मार्ग इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाउनु हुँदैन।

**७१. मार्ग इजाजतपत्रको लागि निवेदन:** यातायात सेवा सञ्चालन गर्नको लागि कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा सवारी जाँचपास गरेको मितिले सात दिनभित्र कार्यालय समक्ष मार्ग इजाजतपत्रको लागि तोकिएको दस्तुरसहित निवेदन दिनु पर्नेछ।

७२. **मार्ग इजाजतपत्र दिनु पर्नेः** (१) दफा ७१ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले देहायका विषयमा जाँच गरी त्यस्तो सार्वजनिक सवारीलाई प्रदेशभर सञ्चालन गर्न सकिने गरी तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसूची-७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्नेछः-

(क) सवारी चालक, परिचालक, कर्मचारी, सुरक्षाकर्मी, तेस्रो पक्ष र यात्री बीमा,

(ख) सवारी जाँचपास,

(ग) सवारी दर्ता प्रमाणपत्र नवीकरण।

तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको लागि सीमाना जोडिएको प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिई मार्ग इजाजतपत्र दिन सकिनेछ।

(२) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सूचना प्रकाशन गरी निर्धारित मार्गमा चल्ने सवारीको किसिम र सङ्ख्या तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र छ महिनासम्म मान्य हुनेछ।

७३. **मार्ग इजाजतपत्र परिवर्तनः** (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ७१बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

७४. **बहुमार्ग इजाजतपत्र दिन सकिनेः** (१) सार्वजनिक सवारीले सेवा पुऱ्याइरहेको मार्गमा असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित अन्य मार्गमा समेत सोही सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी मार्ग इजाजतपत्र दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम बहुमार्ग इजाजतपत्र दिदा प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारी धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

**७५.** **पटके मार्ग इजाजतपत्रः** (१) कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य मार्गमा चलाउनु परेमा सवारी धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिनु पर्नेछ।

**७६.** **मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय राजमार्ग बाहेकको मार्गमा यातायात सेवा सञ्चालन गर्न यात्रीको चाप र सार्वजनिक सवारीको सङ्ख्या, प्रदूषण वा तोकिएको स्तर नभएका वा अन्य कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुने देखिएमा अधिकार प्राप्त अधिकारीले यातायात व्यवस्थापन समितिसँग परामर्श गरी मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

**७७.** **मार्ग इजाजतपत्र नवीकरणः** (१) मार्ग इजाजतपत्रको म्याद समाप्त भएको सात दिनभित्र तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई नवीकरण गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छ महिनाको लागि मार्ग इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्याद नघाइ मार्ग इजाजतपत्र नवीकरण गराउन आएमा म्याद नाघेको एक महिनाभित्र नवीकरण दस्तुरको शत प्रतिशत थप दस्तुर लिई मार्ग इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

**७८.** **मार्ग इजाजतपत्र स्वतः निलम्बन हुनेः** दफा ७७ को उपदफा (३) बमोजिमको अवधिसम्म नवीकरण नगरेमा मार्ग इजाजतपत्र स्वतः निलम्बन हुनेछ।

**७९.** **पुनः मार्ग इजाजतपत्र दिनुपर्नेः** दफा ७८ बमोजिम निलम्बन भएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा दफा ७७

बमोजिम लिनुपर्ने नवीकरण दस्तुर र थप दस्तुर लिई निजलाई दुई हजार पाँचसय रुपैयाँ जरिवाना गरी पुनः मार्ग इजाजतपत्र दिनु पर्नेछ।

८०. **मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेः** (१) यस ऐनबमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटना वा अन्य कारणबाट छ महिना वा सोभन्दा बढी अवधिसम्म चलाउन नमिल्ने भएमा व्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी मार्ग इजाजतपत्र स्थगित गर्न कार्यालयमा निवेदन दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले छानबिन गरी उपयुक्त देखेमा सार्वजनिक सवारी चलाउन नमिल्ने अवधिसम्मका लागि मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा कार्यालयले त्यस्ता सवारीको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सक्नेछ।

८१. **मार्ग इजाजतपत्र रद्द गर्न सक्नेः** सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्र रद्द गराउन निवेदन परेमा अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्र रद्द गर्न सक्नेछ।

८२. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेः** (१) मार्ग इजाजतपत्र च्यातिएमा, हराएमा, नासिएमा वा झुत्रो भई नबुझिने भएमा सवारी धनी वा व्यवस्थापकले सोको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुरसहित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा कार्यालयले छानबिन गर्दा व्यहोरा मनासिब देखिएमा मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

८३. **जाँचपास गराउनु पर्नेः** (१) सार्वजनिक सवारी साधनको मार्ग इजाजतपत्र लिनु अघि देहायबमोजिम जाँचपास गराउनु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रूपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने,

(ख) चेसिस आयात भएको सवारी साधन दर्ता भएको स्वरूप (बडी) निर्माण गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराएमा मार्ग इजाजतपत्र दिइने छैन।

(३) जाँचपास नगराएको सार्वजनिक सवारी साधन चलाउनु हुँदैन।

८४. **<u>जाँचपासको लागि निवेदन दिनु पर्ने</u>:** सवारी साधन जाँचपास गराउन सवारी धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई कार्यालयमा निवेदन दिनु पर्नेछ।

८५. **<u>जाँचपासको प्रमाणपत्र दिनु पर्ने</u>:** (१) दफा ८४ बमोजिमको निवेदनका आधारमा अधिकार प्राप्त अधिकारीले सार्वजनिक सवारी जाँच गराई यान्त्रिक स्थिति र स्वरूप ठीक देखेमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्र छ महिनासम्म मान्य हुनेछ।

८६. **<u>पुनः जाँचपास गराउनु पर्ने</u>:** (१) दफा ८५ को उपदफा (२) बमोजिमको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पुनः जाँचपास नगराएमा म्याद नाघेका मितिले पैतीस दिनभित्र सवारी जाँचपास गराउन ल्याएमा लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद नघाई सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार रुपैयाँसम्म जरिवाना लिई पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

८७. **<u>प्रदूषण जाँच गराउनु पर्ने</u>**: (१) कुनै पनि सवारी शुरु दर्ता गराउँदा प्रदूषण जाँच गराउनु पर्नेछ।

तर दुई पाङ्ग्रे सवारीको हकमा शुरु दर्ता र नामसारी गर्दा प्रदूषण जाँच गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराएको सवारी साधन सञ्चालनको लागि इजाजतपत्र दिइने छैन।

८८. **<u>प्रदूषण जाँचको लागि निवेदन दिनु पर्ने</u>**: प्रदूषण जाँच गर्न सवारी धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

८९. **<u>प्रदूषण जाँचको स्टीकर दिनु पर्ने</u>**: (१) दफा ८८ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले प्रदूषणको स्तर जाँच गराई तोकिएबमोजिमको मापदण्डभित्र रहेको पाइएमा तोकिएबमोजिमको ढाँचामा प्रदूषण जाँच स्टीकर दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँच स्टीकर सार्वजनिक सवारीको हकमा छ महिना र अन्य सवारीको हकमा एक वर्षसम्म मान्य हुनेछ।

९०. **<u>प्रदूषण जाँच नगराएमा जरिवाना गर्नुपर्ने</u>**: प्रदूषण जाँच स्टिकरको मान्य अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदूषण जाँच नगराएमा देहायको जरिवाना गरी पुनः प्रदूषण जाँच गर्नुपर्नेछः-

(क) प्रदूषण जाँच स्टिकरको अवधि समाप्त भएको तीस दिनसम्म प्रदूषण जाँच गराउदा लाग्ने दस्तुरको दोब्बर जरिवाना,

(ख) खण्ड (क) मा उल्लिखित अवधि नाघेमा खण्ड (क) बमोजिम हुने जरिवानामा प्रत्येक तीस दिन वापत थप एक हजार रुपैयाँ जरिवाना।

९१. **<u>अनुमति प्राप्त सवारी परीक्षण केन्द्रबाट जाँच गराउन सक्ने</u>**: (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषणलगायतका परीक्षण गर्नेछ। त्यस्तो व्यवस्था नभएसम्मका लागि मन्त्रालयले शर्त तोकी अनुमति

प्राप्त सवारी परीक्षण केन्द्र (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर) बाट जाँचपास गर्न गराउन बाधा पर्ने छैन। सवारी परीक्षण केन्द्र (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर)सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त परीक्षण केन्द्रबाट भएको परीक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्त अनुरूप परीक्षण भएको नदेखिएमा अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ।

९२. **यातायात सेवाको नाम पञ्जीकृत गर्नुपर्नेः** (१) सवारी धनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत नगरी कुनै पनि सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।

(२) सवारी धनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत गर्न तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा कार्यालयले छानबिन गरी यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची-८बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षसम्म मान्य हुनेछ।

(६) पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीको नियुक्ति, सेवाका शर्त र सुविधासम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछन्।

(७) पञ्जीकृत यातायात सेवामा सवारी साधन थप गर्न सवारी धनी वा व्यवस्थापकले निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिएबमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न अनुमति दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम सवारी साधन थप गर्दा सवारी धनी वा व्यवस्थापकले पञ्जिकृत यातायात सेवाको पूँजीको अनुपात मिल्ने गरी पूँजी वृद्धिको निस्सा पेश गर्नुपर्नेछ।

९३. **यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरणः** (१) दफा ९२ को उपदफा (५) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजको प्रतिनिधिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाइ तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा कार्यालयले थप पाँच वर्षको लागि अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नघाई आएमा म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

९४. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ९३ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेखबाट लगत हटाई सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट लगत हटाइएको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन।

९५. **भाडा निर्धारण गर्नेः** (१) कुनै मार्गमा सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर यातायात व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयबाट तोकिएबमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुन्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्री

गुन्टाको अधिकतम वजन तथा भाडा यातायात व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयबाट तोकिएबमोजिम हुनेछ।

(३) यस दफाबमोजिम तोकिएको भाडा दर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

९६. **परिचयपत्र झुण्ड्याउनु पर्नेः** सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र झुण्ड्याउनु पर्नेछ। त्यस्तो परिचयपत्र नझुण्ड्याई यात्री टिकट बेच्न पाइने छैन।

९७. **यात्री टिकटको ढाँचाः** (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको यात्री टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ।

९८. **ढुवानीको बिल दिनु पर्नेः** मालबाहक सार्वजनिक सवारीले मालसामान ढुवानी गर्दा विवरण उल्लेख गरिएको ढुवानीको बिल तोकिएबमोजिमको ढाँचामा दिनु पर्नेछ।

९९. **यात्री सूची तयार गर्नुपर्नेः** लामो वा मध्यम दूरीको यातायात सेवा सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाले सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक र कर्मचारीको नाम, उमेर र ठेगाना खुलाई यात्री सूची तयार गर्नुपर्नेछ। सो यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा नजिकको ट्राफिक प्रहरी कार्यालय समक्ष दिएर मात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नुपर्नेछ।

१००. **यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्नेः** (१) सवारी धनी वा व्यवस्थापकले मालसामान वा यात्रीलाई गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षित पुऱ्याउनु पर्नेछ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा विपद्का कारणले सवारी अघि बढाउन नसकिने भएमा यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र

सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु सवारी चालक, परिचालक वा कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा सवारी अघि बढाउन नसकिने भएमा सवारी धनी वा व्यवस्थापकले यात्रीलाई गन्तव्य स्थानसम्म पुऱ्याउने वैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

**१०१. <u>सिटभन्दा बढी यात्री राख्न नहुने</u>:** यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारी दर्ता प्रमाणपत्रमा लेखिएको सिट सङ्ख्या भन्दा बढी यात्री राख्नु हुँदैन।

**१०२. <u>यात्रा विश्राम गर्नुपर्ने</u>:** चार घण्टाभन्दा बढीको दूरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एक पटक तीस मिनेट यात्रा विश्राम गर्नुपर्नेछ।

**१०३. <u>चालकको पालो फेर्नु पर्ने</u>:** लामो दूरीको यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टामा पालैपालो गरी सवारी चलाउने व्यवस्था यातायात सेवा सञ्चालकले गर्नुपर्नेछ।

**१०४. <u>टिकट नलिई यात्रा गर्नमा प्रतिबन्ध</u>:** कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारी साधनमा यात्रा गराउँदा यात्रीको नाम, थर, वतन र गन्तव्यसहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउनु हुँदैन।

**१०५. <u>मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने</u>:** (१) यातायात सेवाका धनी वा व्यवस्थापकले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय, भाडादर तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस वा जडान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँस वा जडान गरिएको मार्ग, नक्सा, भाडादर वा समय तालिकामा फेरबदल भएमा सोको सूचना यात्रीलाई तुरुन्त दिने व्यवस्था गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१०६. **<u>सिट सुरक्षित राख्नु पर्ने</u>**: (१) यात्रीबाहक सार्वजनिक सवारीमा संसद सदस्य, अशक्त, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र गर्भवती वा सुत्केरी महिलाका लागि सिट सुरक्षित राख्नु पर्नेछ।

(२) सिट सुरक्षित राख्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०७. **<u>सुरक्षाकर्मी उपलब्ध गराउन सक्ने</u>**: मध्यम र लामो दूरीका यात्रीबाहक यातायात सेवा सञ्चालकले सवारी तथा यात्रीको सुरक्षाको लागि सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन सुरक्षा निकायसँग अनुरोध गरेमा सो निकायले सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१०८. **<u>अनुचित व्यवहार गर्न नहुने</u>**: कसैले पनि यात्री, चालक, परिचालक तथा कर्मचारीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

१०९. **<u>सार्वजनिक सवारीमा क्लोज सर्किट (सी.सी.) क्यामेरा जडान गर्नुपर्ने</u>**: लामो र मध्यम दूरीका सार्वजनिक सवारीमा क्लोज सर्किट क्यामेरा जडान गर्नुपर्नेछ।

११०. **<u>चालकसँग कुरा गर्न नहुने</u>**: सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुरने कुनै कार्य गर्न वा गराउन हुँदैन।

१११. **<u>चालकले मोबाइल वा विद्युतीय उपकरण प्रयोग गर्न नहुने</u>**: सवारी चलाइरहेको अवस्थामा चालकले मोबाइल वा ध्यान विकेन्द्रित गर्ने अन्य विद्युतीय उपकरण प्रयोग गर्नु हुँदैन।

११२. **<u>फेला परेको मालसामान बुझाउनु पर्ने</u>**: सार्वजनिक सवारीमा फेला परेको मालसामान सार्वजनिक सवारीको कर्मचारीले तत्काल सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। सवारी धनी वा व्यवस्थापकले मालसामान प्राप्त हुनासाथ नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ।

११३. **<u>यात्री लिन इन्कार गर्न नहुने</u>**: मध्यम वा लामो दूरीमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सिट खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्नु हुँदैन।

**११४.** **<u>हानि नोक्सानी पुऱ्याउन नहुने</u>:** कसैले सवारी रोक्ने, तोडफोड गर्ने वा सवारीमा रहेका मालसामानलाई कुनै हानिनोक्सानी पुऱ्याउने कार्य गर्नु, गराउनु हुँदैन।

**११५.** **<u>मन्त्रालयको विशेष अधिकार</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाँउमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी मन्त्रालयले सञ्चालकलाई आदेश दिन सक्नेछ। त्यस्तो आदेशको पालन गर्नु सम्बन्धित सञ्चालकको कर्तव्य हुनेछ।

## परिच्छेद- ७

## <u>आवागमन नियन्त्रण</u>

**११६.** **<u>निर्धारित गतिको पालना</u>:** (१) मन्त्रालयको सहमतिमा कार्यालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गरी सो भन्दा बढी बेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी बेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गतिसम्बन्धी सूचना वा सङ्केत कार्यालयले टाँस्नु, टाँग्नु वा जडान गर्नुपर्नेछ।

(३) दमकल, एम्बुलेन्स, सुरक्षा निकाय तथा बिरामी लैजाने कामको सिलसिलामा सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्न विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गरी चलाइएको सवारीको हकमा उपदफा (१) को प्रावधानले बाधा पर्ने छैन।

**११७.** **<u>सवारीको वजन हद निर्धारण</u>:** (१) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम निर्धारित सवारीको वजन हदसम्बन्धी सूचना वा सङ्केत सम्बन्धित मार्गमा कार्यालयले टाँस्नु, टाँग्नु वा जडान गर्नुपर्नेछ।

**११८. <u>सवारीमा राखिने यात्री र मालसामानको हद तोक्ने</u>:** (१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको सङ्ख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित यात्रीको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

**११९. <u>सवारी चलाउन प्रतिबन्ध लगाउने</u>:** (१) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको लागि कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिबन्ध लगाएको सूचना प्रतिबन्ध लगाइएको स्थानमा टाँस्नु, टाँग्नु वा जडान गर्नुपर्नेछ।

**१२०. <u>ट्राफिक सङ्केत टाँस्ने, टाँगने वा जडान गर्ने</u>:** (१) अधिकार प्राप्त अधिकारीले आवश्यक देखेको सार्वजनिक स्थानमा आवश्यक ट्राफिक सङ्केत टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केत अधिकार प्राप्त अधिकारीले तोकेको व्यक्ति बाहेक अरु कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

**१२१. <u>ट्राफिक सङ्केतको पालन गर्नुपर्ने</u>:** (१) सवारी चालक, यात्री र पैदल यात्रीले ट्राफिक सङ्केतको पालना गर्नुपर्नेछ।

(२) सवारी चालक, यात्री र पैदल यात्रीले पालन गर्नुपर्ने ट्राफिक सङ्केत तोकिएबमोजिम हुनेछन्।

१२२. **रङ्गिन सिसा प्रयोग गर्न नहुने**: (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रङ्गिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रङ्गिन सिसा बनाई प्रयोग गर्नु हुँदैन।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहऱ्याएका सवारीका हकमा यो व्यवस्था लागू हुने छैन।

(२) कसैले उपदफा (१) प्रतिकूलको काम गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीलाई रङ्गिन सिसा वा सिसामा प्रयोग गरेको वस्तु नहटाएसम्म सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ।

१२३. **पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्ने**: (१) अधिकार प्राप्त अधिकारीले सवारी पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्दा अधिकार प्राप्त अधिकारीले सम्बन्धित स्थानीय तह र ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गर्नुपर्नेछ।

(३) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ्ग स्थल र चार्जिङ स्टेशन निर्माण तथा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ।

१२४. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने**: (१) सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै पनि सवारी सार्वजनिक स्थानमा राख्नु हुदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदै बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लैजान नसकिने भएमा सडकको बायाँ किनारा लगाई रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

१२५. **सवारीको अन्य भागमा यात्री राख्न नहुने**: सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सवारीमा यात्री सिट बाहेक छत (हुट) लगायत सवारीको अन्य कुनै भागमा यात्री राखी सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन।

१२६. **<u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u>:** कसैले चालकको क्षेत्र (ड्राइभर केविन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने व्यवहार गर्नु हुँदैन।

१२७. **<u>दुर्व्यवहार गर्न नहुने</u>:** कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षकलाई हातपात वा दुर्व्यवहार गर्नु हुँदैन।

१२८. **<u>आवागमनमा बाधा पार्न नहुने</u>:** (१) सार्वजनिक स्थानमा व्यक्ति वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामग्री राख्नु हुँदैन।

(२) उपदफा (१) विपरित मालसामान राखिएमा यातायात निरीक्षक वा प्रहरीले प्रचलित कानूनबमोजिम जरिवाना वा जफत गर्न सक्नेछ।

१२९. **<u>सवारीलाई बाधा पुर्‍याउन नहुने</u>:** कसैले पनि मार्ग इजाजतपत्र प्राप्त सवारीलाई इजाजतपत्रमा तोकिएको मार्गमा सवारी सञ्चालन गर्न कुनै किसिमको बाधा पुर्‍याउन पाइने छैन।

१३०. **<u>सडक पार गर्ने</u>:** पैदल यात्रीले जेब्राक्रसिङ वा निर्धारित स्थानबाट सडक पार गर्नुपर्नेछ।

१३१. **<u>सडकमा खाल्डो खन्दा सङ्केत चिन्ह राख्नु पर्ने</u>:** (१) कुनै काम परी सडकमा खाल्डो खन्दा वा कटान गर्दा सम्बन्धित कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खन्ने वा कटान गर्ने स्वीकृति दिँदा सडक दुर्घटना नहुने किसिमबाट सङ्केत चिन्ह राख्न लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य सम्पन्न भएपछि खनिएको सडक साविकको अवस्थामा हुने गरी बनाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य भए नभएको उपदफा (१) बमोजिम स्वीकृति दिने निकायले यकिन गर्नुपर्नेछ।

१३२. **<u>सवारीमा साङ्केतिक चिन्ह राख्नु पर्ने</u>:** कुनै पनि किसिमको जोखिमयुक्त मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सवारीमा त्यस्तो

मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि देखिने गरी साङ्केतिक चिन्ह राख्नु पर्नेछ।

१३३. **<u>सिकारुले सवारी चलाएकोमा सङ्केत राख्नु पर्ने</u>**: (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधनको अगाडि र पछाडि भागमा कम्तीमा दश मिटर टाढैबाट स्पष्ट देख्न सक्ने गरी ठूलो अक्षरमा सिकारु भन्ने सङ्केत उल्लेख गर्नुपर्नेछ।

(२) सिकारु व्यक्तिले राजमार्ग, प्रदेश लोकमार्ग, प्रदेश मार्ग र शहरी मार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ।

१३४. **<u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने</u>**: (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाइरहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिका लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

१३५. **<u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने</u>**: कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने व्यक्तिलाई कुटपिट, दुर्व्यवहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१३६. **<u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट (टोप) लगाउनु पर्ने</u>**: (१) तोकिएबमोजिमको सवारी चलाउँदा सवारी चालक र सवारीको अघिल्लो सिटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ।

(२) मोटर साइकल, स्कुटर, मोपेड, विद्युतीय स्कुटर वा साइकल तथा यस्तै प्रकृतिका अन्य दुई पाङ्ग्रे सवारी चलाउँदा चालक र सो सवारीमा बस्ने व्यक्तिले सुरक्षा हेल्मेट लगाउनु पर्नेछ।

१३७. **कागजात देखाउनु पर्ने**: (१) सवारी चालकले सवारी चलाउँदा सवारी चालक अनुमतिपत्र, सवारी दर्ता प्रमाणपत्र, मार्ग इजाजतपत्र र अन्य आवश्यक कागजात साथमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कुनै कागजात यातायात निरीक्षक वा प्रहरीले चेकजाँचको सिलसिलामा हेर्न खोजेमा सवारी चालक, सवारी धनी वा व्यवस्थापकले देखाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कागजात विद्युतीय माध्यमबाट समेत देखाउन सकिनेछ।

१३८. **सवारी रोक्नु पर्ने**: सवारी चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोक्ने सङ्केत गरेमा आवश्यकताअनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटना ग्रस्त भई कुनै व्यक्ति, जनावर वा सम्पत्तिको हानी नोक्सानी भएमा,

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेमा।

१३९. **दुर्घटनामा चालकको कर्तव्य**: (१) सवारी दुर्घटनामा परी व्यक्तिको जीउ, ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएमा सवारी चालक, परिचालक वा अन्य कर्मचारीले घाइतेको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटना भएको स्थानमा प्रहरी नभएमा चालक, परिचालक वा अन्य कर्मचारीले तुरुन्त दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालय वा स्थानीय तहलाई दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१४०. **आवश्यक सहयोग गर्नुपर्ने**: दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई सबैले आवश्यक सहयोग गर्नुपर्नेछ।

१४१. **दुर्घटना परेको सवारीको निरीक्षण**: प्रहरीले दुर्घटनाको छानबिनको लागि निरीक्षण गर्न आवश्यक देखेमा दुर्घटना परेको सवारी नियन्त्रणमा लिई वा सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

१४२. **सवारी बायाँतिरबाट चलाउनु पर्ने**: सार्वजनिक सडकमा सवारी चलाउँदा सवारी चालकले तोकिएको सडक वा स्थान बाहेक अन्य सडकमा बायाँ किनार तर्फबाट चलाउनु पर्नेछ।

१४३. **सवारीले सङ्केत दिनुपर्ने**: पछाडिको सवारीले उछिनी जानको लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्थाअनुसार गति सिमित गरी अगाडि जानको लागि पछाडिको सवारीलाई सङ्केत गर्नुपर्नेछ।

१४४. **सडक पेटीमा हिड्नु पर्ने**: पैदल यात्रीले पेटी भएको सडकमा हिड्दा सडक पेटीमा हिड्नु पर्नेछ।

तर पेटी नभएको सडकमा हिड्दा सो सडकको वायाँ किनाराबाट हिड्नु पर्नेछ।

१४५. **घर पालुवा पशुपन्छी छाड्न नहुने**: सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घर पालुवा पशुपन्छी छाड्न हुँदैन।

तर काबुबाहिरको परिस्थितिमा पशुपन्छी सडकमा आएमा सवारीलाई बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट हटाउनु पर्नेछ।

१४६. **घुम्ती निरीक्षण**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न यातायात निरीक्षक वा प्रहरीले आवश्यकताअनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा यातायात निरीक्षक वा प्रहरीले दफा १६७ बमोजिमको काम कारबाही भएको देखेमा तत्काल यस ऐनबमोजिमको सजाय गर्न सक्नेछ।

१४७. **सवारी चालकले गर्न नहुने काम**: यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त सवारी चालकले देहायको काम गर्नु हुँदैन:-

(क) आफ्नो सवारी चालक अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिन,

(ख) मादक पदार्थ वा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाउन,

(ग) लापरवाही तथा हेलचेक्याई गरी सवारी चलाउन,

(घ) सवारीको पार्टपूर्जा बिग्री वा अवस्था ठीक नभएको सवारी चलाउन,

(ङ) अँध्यारो वा कुहिरो लागेको समयमा सवारीको बत्ती नबाली सवारी चलाउन,

(च) अरुको सवारी चालक अनुमतिपत्र लिई सवारी चलाउन,

(छ) दुई पाङ्ग्रे सवारीको साईलेन्सर पाइप परिमार्जन गरी ठूलो आवाज बनाई सवारी चलाउन।

**१४८.** <u>प्रचार प्रसार गर्नुपर्ने</u>: सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउन समय समयमा मन्त्रालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केतसम्बन्धी प्रचार प्रसार गर्नुपर्नेछ।

## परिच्छेद-८

## <u>बीमासम्बन्धी व्यवस्था</u>

**१४९.** <u>सवारीको बीमा गराउनु पर्ने</u>: (१) सवारी धनी वा व्यवस्थापकले तोकिएबमोजिम सवारीको बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिने छैन र सार्वजनिक सवारी भए मार्ग इजाजतपत्र प्रदान गरिने छैन।

**१५०.** <u>चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा</u>: (१) यातायात सेवामा संलग्न सवारी चालक, परिचालक तथा अन्य कर्मचारीको तोकिएबमोजिमको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्नेछ।

(२) सवारी दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा बीमित रकम स्वयम् वा नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई हानिनोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम स्वयम् वा नजिकको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१५१.** **<u>यात्रीको बीमाः</u>** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा निजले दुर्घटना बीमाको रकम पाउनेछ र मृत्यु भएमा नजिकको हकवालाले दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना भई यात्रीलाई हानिनोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (२) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१५२.** **<u>सामानको बीमाः</u>** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्री सामानको तोकिएको रकमको बीमा गराउनु पर्नेछ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि कुनै कारणबाट सामान हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्ने छैन।

तर बहुमूल्य सामानको हकमा पहिले जानकारी गराएको अवस्थामा बीमा रकमले नपुग्ने भएमा सवारी धनी वा व्यवस्थापकले थप क्षतिपूर्ति रकम दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सामानको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा सामान हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१५३.** **तेस्रो पक्षको बीमा**ः (१) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा समग्र (कम्प्रिहेन्सिभ) बीमा नगराई चलाएको सवारी दुर्घटना भई तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सानी भएमा तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (२) बमोजिमको रकम सवारी धनी वा व्यवस्थापकले निज वा निजको हकवालालाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१५४.** **क्षतिपूर्तिको रकम भराई दिने**ः यस ऐनबमोजिम बीमा नगराएको अवस्थामा दफा १५० को उपदफा (३), दफा १५१ को उपदफा (३), दफा १५२ को उपदफा (३) र दफा १५३ को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम सम्बन्धित पक्षलाई अधिकार प्राप्त अधिकारीले भराइ दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## परिच्छेद-९

## सवारी कर तथा लिलामसम्बन्धी व्यवस्था

**१५५. <u>कर बुझाउनु पर्ने</u>:** (१) करदाताले प्रत्येक आर्थिक वर्षका लागि प्रचलित कानूनबमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रत्येक वर्षको चैत मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाई सक्नु पर्नेछ।

(३) नयाँ दर्ता गरिने सवारी साधनको हकमा सवारी साधन दर्ता गराउनु अगावै जुन महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ।

**१५६. <u>नामसारी गर्नु अगावै कर तिर्नुपर्ने</u>:** सवारी साधनको नामसारी गराउनु पर्दा सो अगावै प्रचलित कानूनबमोजिम कर तिर्नु पर्नेछ।

**१५७. <u>कर तिरेको प्रमाण हेर्नुपर्ने</u>:** सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्नेछ।

**१५८. <u>जरिवाना गर्न सक्ने</u>:** दफा १५५ बमोजिमको म्यादभित्र सवारी साधन कर नतिरेमा अधिकार प्राप्त अधिकारीले सवारी साधन करका अतिरिक्त देहायबमोजिमको जरिवाना गर्नेछः-

(क) कर तिर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई पाँच प्रतिशतका दरले,

(ख) एकतीस दिनदेखि पैंतालीस दिनसम्मलाई दश प्रतिशतका दरले,

(ग) पैंतालीस दिनपछि सो आर्थिक वर्षको अन्तसम्मलाई बीस प्रतिशतका दरले,

(घ) आर्थिक वर्षपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षको लागि तीस प्रतिशतका दरले।

१५९. **<u>लिलामसम्बन्धी व्यवस्था</u>ः** (१) यस ऐनबमोजिम लाग्ने सवारी साधन कर र जरिवानाको रकम दफा १५८ को खण्ड (घ) मा तोकिएको म्यादभित्र नबुझाएमा सो सवारी साधन लिलाम बिक्री गरी रकम असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा सबै रकम असुल हुन नसकेमा प्रचलित कानूनबमोजिम सवारी धनीबाट बाँकी रकम असुल गरिनेछ।

(३) उपदफा (१) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नुपर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम एक वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाधिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही शुरु हुनुभन्दा अगावै करदाताले कर र जरिवानाको रकम बुझाउन ल्याएमा थप जरिवाना असुल गरिने छैन।

१६०. **<u>प्रशासनिक पुनरावलोकन</u>ः** (१) यस परिच्छेद अन्तर्गत तोकिएको अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले आदेश पाएको मितिले पैंतीस दिनभित्र आर्थिक मामिला हेर्ने मन्त्रालयमा प्रशासनिक पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशासनिक पुनरावलोकनसम्बन्धी कार्यविधिगत व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१०

## <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशनसम्बन्धी व्यवस्था</u>

१६१. **<u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप र चार्जिङ स्टेशन सञ्चालन गर्न अनुमति लिनु पर्ने</u>ः** (१) सवारी चालक प्रशिक्षण केन्द्र, सवारी साधनको बडी निर्माण गर्ने कारखाना, अटोमोबाइल वर्कशप, चार्जिङ स्टेशन सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयबाट

अनुमति लिनु पर्नेछ। अनुमति नलिई प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप र चार्जिङ स्टेशन सञ्चालन गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले तोकिएबमोजिम मन्त्रालयमा तोकिएको दस्तुरसहित निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालनको लागि तोकेको मापदण्ड पूरा गरेमा मन्त्रालयले पाँच वर्षको लागि अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र तोकिएबमोजिमको दस्तुरसहित मन्त्रालयमा नवीकरण गर्न निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा मन्त्रालयले तोकेको कर्मचारीबाट प्राविधिक प्रतिवेदन लिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन मनासिव देखिएमा मन्त्रालयले निवेदकको अनुमतिपत्र पाँच वर्षको लागि नवीकरण गरिदिनु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको प्रशिक्षण केन्द्र मन्त्रालय वा मन्त्रालय र स्थानीय तहको साझेदारीमा स्थापना र सञ्चालन गर्न सकिनेछ।

(८) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालनसम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

**१६२.** **<u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशनको अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्ने</u>**: (१) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, सहकारी संस्था वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा मन्त्रालयले जुनसुकै बखत सुधारका लागि निर्देशन दिई अनुमतिपत्र निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन कार्यान्वयन नगरेमा मन्त्रालयले अनुमतिपत्र खारेज गर्न सक्नेछ।

**१६३.** **<u>एसेम्बल्ड सवारीको उत्पादनसम्बन्धी व्यवस्था</u>:** (१) सवारीको पार्टपूर्जा आयात गरी एसेम्बल्ड सवारी उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रचलित सङ्घीय कानून र मन्त्रालयबाट तोकिएको मापदण्डबमोजिम अनुमति लिनु पर्ने छ।

## परिच्छेद-१०

## समितिसम्बन्धी व्यवस्था

**१६४.** **<u>यातायात व्यवस्थापन समिति</u>:** (१) प्रदेश भित्र चल्ने सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्य रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, कार्यालय - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश सडकसम्बन्धी विषय हेर्ने कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय - सदस्य

(च) प्रतिनिधि, उपभोक्ता हकहित संरक्षणसम्बन्धी संस्था - सदस्य

(छ) प्रतिनिधि, यातायात व्यवसायी संघ - सदस्य

(ज) प्रतिनिधि, यातायात मजदुर संघ - सदस्य

(झ) अधिकृत, कार्यालय - सदस्य-सचिव

(२) यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा समन्वय गर्ने,

(ख) कुनै मार्गमा सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर र यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुन्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्री गुन्टाको अधिकतम वजन तथा सोको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) मार्ग कायम नभएको ठाउँमा अस्थायी मार्ग कायम गरी सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(घ) सार्वजनिक सवारीले मार्ग इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

(ङ) सार्वजनिक सवारीले जाँचपास र नियमित यातायात सेवा प्रदान गरे नगरेको निरीक्षण गर्ने गराउने,

(च) यात्रीको चाप र सवारीको संख्या अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नुपर्ने आवश्यक देखेमा मार्ग निर्धारण गर्न मार्ग निर्धारण समितिमा सिफारिस गर्ने,

(छ) यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम गर्ने।

**१६५.** <u>परीक्षा समितिः</u> (१) दफा ३९ बमोजिम सवारी चालक अनुमतिपत्रसम्बन्धी परीक्षा सञ्चालन र व्यवस्थापन गर्न देहायको परीक्षा समिति रहनेछः-

(क) प्रमुख, कार्यालय - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, ट्राफिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रहरी कार्यालय - सदस्य

(ग) कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले सवारी चालकका लागि लिइने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-११

## सजायसम्बन्धी व्यवस्था

**१६६. दण्ड सजायः** (१) सवारी दर्ताको प्रमाणपत्रमा उल्लिखित वास्तविक नम्बर प्लेट नराखी अर्कै नम्बर प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी सवारी दर्ता गराउने कार्य गर्नु हुँदैन। त्यस्तो कार्य गर्ने व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी साधन जफत गरिनेछ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको कार्य गर्ने वा गराउनेलाई देहायबमोजिम जरिवाना सजाय गर्न सक्नेछः-

(क) दफा १२५ विपरित कार्य गर्ने वा गराउनेलाई पाँचसय रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म जरिवाना।

(ख) दफा ४, ३५, ९३ वा ११६ विपरित कार्य गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना।

(ग) दफा ६, २०, २८, २९, ७०, ८३ वा १०८ विपरित कार्य गर्ने वा गराउनेलाई दुई हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना।

(घ) दफा १६१ विपरित कार्य गर्ने वा गराउनेलाई दुई हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिवाना।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशको विपरित कार्य गर्ने वा गराउनेलाई अधिकार प्राप्त अधिकारीले एक हजार रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा १२६ विपरित कार्य गर्ने वा गराउनेलाई अधिकार प्राप्त अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) दफा १२८ विपरित हुने गरी कार्य गर्ने वा गराउनेलाई अधिकार प्राप्त अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा १३४ विपरित कार्य गर्ने वा गराउने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**१६७.** **<u>अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर पहिलो पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई दुई हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई दुई हजार पाँच सय रुपैयाँ अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले अभिलेख राखी तत्काल जरिवाना गर्न सक्नेछः-

(क) ट्राफिक सङ्केत, इसारा उल्लङ्घन गरी असुरक्षित सवारी चलाएमा,

(ख) स्वीकृत एक्सेलभन्दा बढी तौलको गाडी चलाएमा,

(ग) ओभरटेक गर्न नहुने ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक, अरुलाई हानी पुग्ने तथा लापरवाही गरी सवारी चलाएमा,

(घ) मूल सडक, जक्सन, जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा,

(ङ) लेनअनुसार सवारी नचलाएमा वा सङ्केत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा, सडक केन्द्रको डवललाइन क्रस गरी सवारी चलाएमा,

(च) फुटपाथमा सवारी चलाएमा, वा जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा,

(छ) ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गरेमा वा डिभाइसमा व्यापारिक विज्ञापन टाँस गरेमा,

(ज) राति बत्ती नबाली, राती एउटा मात्र बत्ती बाली सवारी चलाएमा तथा एकतर्फी सडकमा विपरित दिशाबाट सवारी चलाएमा,

(झ) सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी तथा स्वीकृतभन्दा बढी यात्री संख्या एवम् बढी तौलको सामान ढुवानी गरेमा,

(ञ) प्रशिक्षण अवधिमा प्रशिक्षक बाहेकको अर्को व्यक्ति साथमा राखी दुई पाङ्ग्रे सवारी चलाएमा,

(ट) दुई पाङ्ग्रे सवारीमा चालकसहित दुई जनाभन्दा बढी राखी चलाएमा,

(ठ) सुरक्षा पेटी (सिट बेल्ट) वा सुरक्षा टोप (हेलमेट) नलगाई सवारी चलाएमा,

(ड) प्रशिक्षण अवधिमा तोकिएको किसिम भन्दा अर्को सवारी चलाएमा, अनुमति बाहेकको काममा सवारी प्रयोग गरेमा,

(ढ) मार्ग इजाजतपत्र बिना, तोकिएको बिसौनी भन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा, यात्रुलाई टिकट नदिई यात्रा गराएमा, चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा,

(ण) दुर्घटना पछि पालन गर्नुपर्ने कर्तव्य पालन नगरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(त) सवारी पार्किङ निषेधित ठाउँमा सवारी पार्किङ गरेमा वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी सवारी पार्किङ गरेमा,

(थ) सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा वा चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएम

(द) दर्ता नभएको सवारी चलाएमा,

(ध) अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक कागजात नदेखाएमा,

(न) ट्याक्सीले मिटरमा देखाएको भन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा,

(प) एम्बुलेन्स, वारुणयन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिएमा,

(फ) सवारी चलाउँदा मोबाइल वा एअरफोन प्रयोग गरेमा,

(ब) सवारीमा चालक, परिचालकले अश्लिल व्यवहार गरेमा,

(भ) बीच सडकमा बिग्रेको सवारी छाडी आवागमनमा बाधा पुऱ्याएमा,

(म) नियतवश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा,

(य) यात्रीलाई अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा,

( र) हर्न निषेधित ठाउँमा हर्न बजाएमा,

(ल) छोटो, मध्यम तथा लामो दूरीको सार्वजनिक सवारीमा जिपिएस नराखेमा,

(व) सवारी नियम उल्लङ्घन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा,

(श) दुई पाङ्ग्रे सवारीको साईलेन्सर पाइप परिमार्जन गरी ठूलो आवाज बनाई सवारी चलाएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी गर्नेलाई एक हजार पाँचसय रुपैयाँ अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले अभिलेख राखी तत्काल जरिवाना गर्न सक्नेछः-

(क) यात्रीले जेब्रा क्रसिङ्ग, आकाशे पुल वा अण्डरग्राउण्ड क्रसिङ भएको ठाउँबाट सडक मार्ग पार नगरी अन्य ठाउँबाट सडक मार्ग पार गरेमा,

(ख) ट्राफिक सङ्केत वा ट्राफिक इशारा नमानी सडकमा हिडेमा,

(ग) सडकमा फोहोर फालेमा,

(घ) सडक सीमाभित्र अनुमति बिना कुनै किसिमको सूचना पाटी वा स्ट्रक्चर खडा गर्नेलाई,

(ङ) अनुमति बिना एक्सेस रोड प्राइभेट ड्रेन राख्नेलाई,

(च) चलिरहेको सवारीमा झुन्डिए वा चढेमा,

(छ) गाडी समातेर साइकल चलाएमा।

(३) उपदफा (१) र (२) बमोजिम गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको पूर्जी दिंदा त्यस्तो पूर्जीको प्रतिलिपिमा सो पूर्जी बुझ्नेको दस्तखत गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको अवधिभित्र अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा

व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्म निलम्बन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम निलम्बन गरिएको अवधिभित्र जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

**१६८. <u>उजुरी तथा पुनरावेदनसम्बन्धी व्यवस्था</u>ः** (१) यस ऐनबमोजिम अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले गरेको निर्णय वा सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा सजायको आदेशको जानकारी पाएको मितिले सात दिन भित्र मन्त्रालयमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी उपर मन्त्रालयको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**१६९. <u>सङ्घीय कानूनबमोजिम हुने</u>ः** यस ऐनमा उल्लेख भएको बाहेकका सवारी तथा यातायातसम्बन्धी अन्य विषय प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

## परिच्छेद-१२

## <u>विविध</u>

**१७०. <u>प्रदेश सार्वजनिक यातायात</u>ः** (१) प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त यातायात सेवाको सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि आवश्यकता, सडकको अवस्था र सवारी चापको आधारमा सुरक्षित, गुणस्तरीय, आधुनिक र ठूला (मास-ट्रान्सपोर्ट) सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने यातायात सेवा दफा ९२ बमोजिम पञ्जिकरण गर्नुपर्नेछ।

(४) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवा निजी वा सहकारी संस्थासँग संयुक्त लगानीमा सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सार्वजनिक यातायात सञ्चालन गर्दा वातावरण मैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ।

(६) प्रदेश सार्वजनिक यातायातसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१७१.** **कम्पनी दर्ता गर्नुपर्ने:** सार्वजनिक यातायातका सवारी साधन सञ्चालन गर्दा कम्पनीसम्बन्धी प्रचलित संघीय कानूनबमोजिम कम्पनी दर्ता गर्नुपर्नेछ।

**१७२.** **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवालाई सञ्चालन गर्न वाधा पर्ने गरी चक्रिय प्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

**१७३.** **परिचयपत्र र पोशाक**: यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरको लागि परिचयपत्र तथा पोशाक उपलब्ध गराउनु पर्नेछ।

**१७४.** **दुर्घटनाको अभिलेख राख्नु पर्ने**: प्रहरीले सवारी दुर्घटनाको तोकिएको फाराम भरी विद्युतीय प्रणालीमा  अभिलेख राख्नु पर्नेछ। त्यस्तो अभिलेख प्रहरी र यातायात व्यवस्था कार्यालय समक्ष तत्काल पठाउनु पर्नेछ।

**१७५.** **निर्देशन दिन सक्ने**: प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी र यातायात व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी र यातायात व्यवसायीको कर्तव्य हुनेछ।

**१७६.** **विद्युतीय प्रणालीमा प्रविष्टिसम्बन्धी व्यवस्था:** (१) मन्त्रालयले विधेयकमा उल्लिखित व्यवस्थाका अतिरिक्त सवारी साधन दर्ता र नवीकरण, सवारी

चालक अनुमतिपत्र र नवीकरण, मार्ग निर्धारण लगायतका सेवा प्रवाह विद्युतीय प्रणालीमा आवद्ध गर्न सक्नेछ।

(२) विद्युतीय प्रणालीमा प्रविष्टिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१७७. **सहयोग गर्नुपर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षकले कुनै सहयोग मागेमा निजलाई त्यस्तो सहयोग गर्नु सबैको कर्तव्य हुनेछ।

१७८. **अन्य सवारी साधन चालकले यस ऐनको पालना गर्नुपर्नेः** यस ऐनबमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने सवारीको रूपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला जस्ता सवारी साधन चलाउदा दफा १२० बमोजिम ट्राफिक सङ्केतको पालना गर्नुपर्नेछ।

१७९. **असल नियतले गरेको कामको बचाउः** अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको यातायात व्यवस्थापन समिति, यातायात निरीक्षक, प्रहरी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐनबमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको कार्यमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन।

१८०. **अधिकार प्रत्यायोजनः** यस ऐनबमोजिम मन्त्रालय वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८१. **यसै ऐनबमोजिम भए गरेको मानिनेः** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानूनबमोजिम सवारी तथा यातायात व्यवस्थासम्बन्धी भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

१८२. **बाधा अड्काउ फुकाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१८३. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१८४. **नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने:** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा २ को खण्ड (झ), (ञ), (ठ), (ढ), (भ) र (कड) सँग सम्बन्धित)

**ठूला सवारी, तीन पाङ्ग्रे सवारी, दुई पाङ्ग्रे सवारी, निर्माण उपकरण सवारी, मझौला सवारी र साना सवारी अन्तर्गत पर्ने सवारी**

**खण्ड (क)**

ठूला सवारीः- बस, ट्रक, ट्याङ्कर, दमकल, टिप्पर, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि।

**खण्ड (ख)**

तीन पाङ्ग्रे सवारीः- टेम्पो, ई-रिक्सा, अटो रिक्सा आदि।

**खण्ड (ग)**

दुई पाङ्ग्रे सवारीः- मोटरसाइकल, स्कुटर, मोपेड, विद्युतीय दुई पाङ्ग्रे सवारी आदि।

**खण्ड (घ)**

निर्माण उपकरण सवारीः- स्काभेटर, व्याकहो, डोजर, बुलडोजर, लोडर, भाइब्रेटोरी, कम्प्याक्टर, न्युम्याटिक टायर कम्प्याक्टर, रोलर, हारभेस्टर, स्क्रापर, माइनिङ ट्रक, डम्फर, ग्रेडर, अस्फाल्ट पेभर, मोबाइल क्रसर, अस्फाल्ट डिष्ट्रिब्यूटर, कंक्रिट ब्याचप्लान्ट, ट्रक क्रेन, फोर्कलिफ्ट, स्ट्रिट सुइपर आदि।

**खण्ड (ङ)**

मझौला सवारीः- मिनिबस, मिनिट्रक, भ्यान, ट्र्याक्टर आदि।

**खण्ड (च)**

साना सवारीः- कार, माइक्रो, जिप, भ्यान, पिकअप, टेम्पो, ई-रिक्सा, पावर टिलर आदि।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

## सवारीको नम्बर प्लेट

**भाग-१ साधारण सवारी नम्बर प्लेट**

(क) सार्वजनिक सवारीमा कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ख) पर्यटक सवारीमा हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ग) गैर व्यवसायिक सवारीमा रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(घ) सरकारी सवारीमा सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ङ) संस्थानको सवारीमा पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(च) कूटनीतिक सवारीमा नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

**द्रष्टव्यः**

१. ठूला, मझौला तथा साना (चार पाङ्ग्रे, तीन पाङ्ग्रे र दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहायबमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साइज (अगाडि) | नम्बर प्लेटको साइज (पछाडि) |
|---|---|---|---|
| १. | ठूला सवारी | ५२०×११० मिलिमिटर | ३४०×२०० मिलिमिटर |
| २. | मझौला तथा साना (चार पाङ्ग्रे) सवारी | ४३०×११० मिलिमिटर | २८०×१८० मिलिमिटर |
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | २४०×१३० मिलिमिटर | २४०×१३० मिलिमिटर |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | ३००×८० मिलिमिटर | २४०×१३० मिलिमिटर |

२. ठूला, मझौला तथा साना (चार पाङ्ग्रे, तीन पाङ्ग्रे र दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने अक्षर र अङ्कको उचाइ, चौडाइ र तिनीहरू बीचको दूरी मिलिमिटरमा देहायबमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाइ चौडाइ (अगाडि) | अङ्कको उचाइ चौडाइ (अगाडि) | अक्षरको उचाइ चौडाइ (पछाडि) | अङ्कको उचाइ चौडाइ (पछाडि) | अक्षर-अक्षर बीचको दूरी (अगाडि) | अङ्क-अङ्क बीचको दूरी (पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूला सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौला तथा साना (चार पाङ्ग्रे) सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ | २२ उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

३. ठूला, मझौला तथा साना (चार पाङ्ग्रे, तीन पाङ्ग्रे र दुई पाङ्ग्रे) सवारी साधनहरूको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको चारैतिर १५ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

तर साना (दुई पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

४. बिहानीको सूर्यको किरण परेको लालिमा सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस एन्टेना ८ देखि १० मिटरको दूरीबाटै रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस रिडरले रिड गर्न सक्ने १०५ मिलिमिटर लम्बाई, ७० मिलिमिटर चौडाइ र पोलिस्टर फिल्म कम्तीमा ५० माइक्रोनको ठूला, मझौला तथा साना (चार पाङ्ग्रे, तीन पाङ्ग्रे र दुई पाङ्ग्रे) सवारी साधनको अगाडिको विन्ड स्क्रिनमा जडान भएको हुनु पर्नेछ।

तर दुई पाङ्ग्रे सवारी साधनको हकमा भने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस सिट ट्याग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नुपर्नेछ।

**भाग-२ <u>सवारीको इम्बोस्ड नम्बर प्लेट</u>**

(क) सार्वजनिक सवारीमा कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ख) पर्यटक सवारीमा हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ग) गैर व्यवसायिक सवारीमा रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(घ) सरकारी सवारीमा सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ङ) सरकारी स्वामित्व भएको संगठित संस्था वा संस्थानको सवारीमा पहेंलो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(च) कुटनीतिक सवारीमा निलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालय .........

**सवारी दर्ता प्रमाणपत्र**

सवारी दर्ता नं.:-

सवारीको किसिमः-

दर्ता मितिः-

सवारी धनीको नाम, थरः-

ठेगानाः-

सवारी धनीको फोटो

सवारी धनीको दस्तखतः- अधिकृतको दस्तखतः-

दर्ता गर्ने अधिकारीको

दस्तखतः-

मितिः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रमाणपत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |

<u>सवारीको विस्तृत विवरणः</u>-

१. कम्पनीको नामः

२. सवारीको मोडेल (साल):

३. सिलिण्डर संख्याः

४. हर्ष पावर वा सि.सि.

५. चेसिस नम्बरः

६. इन्जिन नम्बरः

७. सवारीको रङ्गः

८. सिट क्षमता (चालकसहित):

९. वजनः

(क) भार रहित वजनः

(ख) भार वहन क्षमताः

१०. पेट्रोल/डिजेलः

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन छ वा छैनः

१२. कुन कम्पनी वा व्यक्तिबाट खरिद गरेको हो सो कम्पनी वा व्यक्तिको नामः

१३. प्रयोगः

१४. चलाउने क्षेत्रः

१५. भन्सार निस्साः

**<u>सवारी जाँचेको</u>**

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**<u>सवारी नामसारीः</u>**

ठेगानाः
सवारी धनी वा व्यवस्थापकको दस्तखतः
सवारीको किसिमः
क्षमताः
सवारी नम्बरः
चेसिस नम्बरः
इन्जिन नम्बरः

मिति ................ को निवेदन र मिति ................... को दर्ताको प्रमाणपत्रअनुसार श्री ................. को नामबाट ........... बस्ने श्री .............को नाममा नामसारी गरिएको छ।

अधिकारीको दस्तखतः
मितिः

नामसारी भएको मितिः-

सवारी धनीको फोटो

सवारी धनीको नाम, थर, वतनः-

नामसारी गर्ने अधिकारीको दस्तखतः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-४

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अस्थायी दर्ता नम्बर</u>**

कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालय ..................

पत्र संख्याः मितिः

चलानी नम्वरः शाखाः

विषयः- अस्थायी दर्ता नम्बर।

श्री .........................

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनी .................. ले यस कार्यालय समक्ष मिति ............... मा दिएको निवेदन र सोसाथ संलग्न प्रमाणको आधारमा देहायबमोजिम विवरण भएको सवारीलाई तोकिएको अवधिसम्मको लागि अस्थायी दर्ता नम्बर दिइएको छ।

१. सवारी धनीको नाम, थर, वतनः

२. दिइएको अस्थायी नम्बरः

३. अस्थायी नम्बरको अवधिः

४. भन्सारको निस्साः

५. सवारी निर्माताः

६. सवारीको किसिमः

७. सिलिण्डर संख्याः

८. हर्स पावर/सि.सि.:

९. चेसिस नम्बरः

१०. इन्जिन नम्बरः

११. सवारीको रङ्गः

१२. सिट क्षमता (चालकसहित):

१३. वजनः

(क) भार रहित वजनः

(ख) भार वहन क्षमताः

१४. पेट्रोल/डिजेलः

१५. सवारीको पुरानो प्लेट नम्बरः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-५

(दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

## सवारी चालक अनुमतिपत्रको ढाँचा

**कर्णाली प्रदेश सरकार**

**Government of Karnali Province**

**सवारी चालक अनुमतिपत्र**

**Driving Licence**

फोटो

नम्बरः
Number:

नामः
Name:

जन्म मितिः
Date of Birth:

बाबु/आमाः
Father/Mother:

ठेगानाः
Address:

नागरिकता प्रमाणपत्र नम्बरः
Citizenship Number:

रक्त समूहः
Blood Group:

जारी मितिः
Date of Issue:

म्याद समाप्त मितिः
Expiry Date:

---

तपाईलाई देहायबमोजिमको सवारीको चालक अनुमतिपत्र दिइएको छः-

The Holder of this Licence is authorised to drive the following vehicles.

| | | | |
|---|---|---|---|
| क.<br>A | मोटर साइकल, स्कुटर, मोपेड<br>Motorcycle, Scotter, Moped | च.<br>F | मिनिबस, मिनिट्रक<br>Minibus, Minitruck |
| ख.<br>B | कार, जिप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | छ.<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry |
| ग.<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoricksha | ज.<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | |
|---|---|---|---|
| घ.<br>D | पावर टिलर<br>Power Tillar | झ.<br>I | क्रेन, दमकल, लोडर<br>Crane, Fire brigade, Loader |
| ङ.<br>E | ट्र्याक्टर<br>Tractor | ञ.<br>J | अन्य<br>Other |

जारी गर्ने अधिकारी
Issued by

सवारी चालकको हस्ताक्षर
Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offences

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(दफा ५८ को उपदफा (१) सँग सम्बन्धित)

## <u>सवारी परिचालक अनुमतिपत्रको ढाँचा</u>

कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालय .......

## <u>सवारी परिचालक अनुमतिपत्र</u>

फोटो

अनुमतिपत्र नम्बरः

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

नामः

नागरिकता प्रमाणपत्र नम्बर/राहदानी नम्बरः

बाबु/आमाको नामः

ठेगानाः

रक्त समूहः

तपाईलाई देहायबमोजिमको सवारीको परिचालक अनुमतिपत्र दिइएको छः-

(क) बस

(ख) मिनिबस

(ग) ट्रक

(घ) अन्य।

सवारी परिचालकको दस्तखतः

कार्यालय प्रमुखको दस्तखतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-७

(दफा ७२ को उपदफा (१) सँग सम्बन्धित)

**मार्ग इजाजतपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालय .......

**मार्ग इजाजतपत्र**

चेसिसको लम्बाई र नम्बरः

इन्जिन नम्बरः

मोडेलः

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगानाः

बडी तयार गर्ने कारखानाको नाम र ठेगानाः

इजाजतपत्र नम्बरः

सवारीको किसिमः

सवारी धनी वा व्यवस्थापकको नाम र ठेगानाः

सवारी धनी वा व्यवस्थापकको दस्तखतः

सवारीको किसिमः

सवारी क्षमताः

सवारी नम्बरः

| इजाजतपत्र पाएको क्षेत्र (मार्ग) | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-८

(दफा ९२ को उपदफा (३) सँग सम्बन्धित)

**यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा**

| मुख्य व्यक्तिको फोटो |
|---|

कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालय ............

**यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र**

दर्ता नम्बरः-

दर्ता मितिः-

कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ को दफा ९२ बमोजिम देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

१. व्यक्ति/फर्म/कम्पनीको नामः

२. ठेगानाः

३. सेवा सञ्चालन हुने मुख्य स्थानः

४. सेवाको किसिमः

५. सवारीको किसिमः

६. सवारीको सङ्ख्याः

७. सवारी धनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः

८. ठेगानाः

............................ ............................

(मुख्य व्यक्तिको दस्तखत) (कार्यालय प्रमुखको दस्तखत)

**प्रमाणिकरण मितिः २०८१/१२/१३**

**आज्ञाले,**

पुष्प राज शाही

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**